प्रदेश सरकार
प्रदेश नं. ५
भूमीब्यवस्था, कृषितथा सहकारी मन्त्रालय
कृषिविकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र , बांके**

टेलीफोन नं. : ०८१५२००२७
०८१५२०२२५
फ्याक्स न... : ०८१५२६५४७
email:akcbanke@gmail.com

कृषिभवन
नेपालगन्ज, बांके

पत्र संख्या नं. : ०७५/०७६
चलानी नं. :

मिति :-२०७६/०१/१३

## कृषि पर्यटन प्रर्बद्धन कार्यक्रम संम्बन्धि सूचना

### प्रथम पटक प्रकाशित मिति २०७६/१/१३

यस कार्यालय को चालु आ. ब. २०७५/०७६ को स्विकृत कार्यक्रम अनुसार **कृषि पर्यटन प्रर्बद्धन कार्यक्रम** संचालन गरिने भएको हुदा बर्दिया जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि संग संम्बन्धित समितिहरुले यसै सूचनामा माग गरिए बमोजिमका सम्पुर्ण आवश्यक कागजात तथा प्रकृयाहरु पुरा गरि सूचना प्रकाशन भएको मिति देखि १५ दिन भित्र ( २०७६/१/ १३ गते देखि मिति २०७६/१/२७ गते सम्म ) कृषि ज्ञान केन्द्र, बाँके र जिल्ला सम्पर्क केन्द, गुलरियामा रित पूर्वकको प्रस्तावना पेश गर्नुहुन सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । कार्यक्रम सम्बन्धि थप जानकारीका लागी कृषि ज्ञान केन्द्र, बाँके वा जिल्ला सम्पर्क केन्द्र, बर्दियामा सम्पर्क गर्न सकिने छ ।

फोन नं.:०८१-५२०२२५, ५२००२७ ( कृषि ज्ञान केन्द्र, बाँके )

फोन नं.:०८४-४२१२०७ ( जिल्ला सम्पर्क केन्द्र, बर्दिया )

**कार्यक्रमको बिवरण**

| कार्यक्रम | अनुदान रकम |
|---|---|
| कृषि पर्यटन प्रर्बद्धन कार्यक्रम | कूल लागतको ७५ % सम्म वा रु. २० लाख मध्ये जुन कम हुन्छ सोही रकम । |

१।१३

सागर ढकाल
प्रमुख (रा.प.द्वि.प्रा)

# कृषि पर्यटन प्रबर्द्धन कार्यक्रम

## (१) कार्यक्रममा सहभागी हुने मापदण्ड हरु :

- बर्दिया जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि संग संम्बन्धित समितिहरु यस कार्यक्रममा सहभागि हुन सक्नेछन् ।
- कार्यक्रम संचालनका लागी जग्गा संस्थाको आफ्नो नाममा वा नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा, स्थानिय निकायको स्वामित्व वा नियन्त्रणमा रहेको जग्गा, निजी स्वामित्वको जग्गा, सार्वजनिक रुपमा उपभोग भैरहेको जग्गाहरुमा समेत कम्तीमा १५ बर्षको करारमा लिइ प्रस्ताव पेश गर्न सकिनेछ
- आववेदक संस्था यो सूचना प्रकाशन भएको मिति पूर्व बिधिवत दर्ता भएको हुनुपर्नेछ ।
- होम स्टेका लागी फराकिलो जग्गा भएको स्वदेशी र बिदेशी दुवैखाले पर्यटकहरुलाइ सहजै आकर्षण गर्नसक्ने खालको हुनुपर्नेछ ।
- कार्यालयले तोकेको प्रस्तावनाको ढाँचा अनुसार प्रस्ताव पेश गर्नुपर्ने छ ।
- कार्यालयले तोकेको आवश्यक कागजातहरु प्रस्तावनाका साथ संलग्न राखी पेश गर्नुपर्नेछ ।
- कार्यक्रमको कार्यविधी र कार्यालयको स्विकृत वजेटको सिमाभित्र रही अनुदान रकम उपलब्ध गराईनेछ, अनुदानमा प्राप्त हुने रकमबाट पर्यटन प्रवर्द्धन, आय आर्जन तथा रोजगारी श्रृजना हुने कृषि कार्यक्रमहरु योजना बनाइ संचालन गर्नुपर्नेछ ।
- कार्यक्रमका बिषयगत क्षेत्रहरु देहाय बमोजिम हुनेछन :

    १, कृषि जैविक विविधता संरक्षण तथा प्रबर्धन कार्यक्रम

    २ आधुनिक कृषि उत्पादन कार्यक्रम

    ३, नमूना कृषि कार्यक्रम

    ४, प्राङ्गारिक कृषि गाँउ होमस्टे कार्यक्रम

    ५, ठूला पशु पालन कार्यक्रम

    ६, साना पशु पालन कार्यक्रम

    ७, पंछी पालन कार्यक्रम

    ८, माछा पालन कार्यक्रम

## (२) आवश्यक पर्ने कागजात हरु

१, रु १० को टिकट टाँसेको निवेदन ।

२, रितपूर्वक भरिएको प्रस्तावना फारम ।

३, निवेदकको नागरिकता प्रमाण पत्रको छाँयाप्रति ।

सागर ढकाल
प्रमुख (रा.प.द्वि.प्रा)

४, बिधिवत दर्ता भई नविकरण समेत भएका कृषक समुह, कृषि सहकारी र कृषि संग संम्बन्धित समितिको दर्ता तथा नविकरण र करचुक्ता प्रमाण पत्रको छाँयाप्रति । कृषक समुहको हकमा दर्ता र नविकरण प्रमाण पत्रको छाँया प्रति भए पुग्ने ।

५, संस्थाको बैठकको निर्णयको फाटोकपी ।

६, कार्यक्रम संचालन गर्ने जमिनको लालपुर्जाको छाँयाप्रति, करारमा लिएको जमिन भएमा कम्तिमा १५ बर्षको आधिकारिक सम्झौतापत्र र सो जग्गाको लालपुर्जाको छाँयाप्रति ।

७, सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

## (३) छनौटका आधार हरु :

१, होमस्टे संचालन गरेको संस्था, कुनै बिशेष पहिचान भएको, सामाजिक रुपमा बिपन्न एवम पिछडिएका र महिला कृषकहरुको बाहुल्य रहेको संस्था लाइ प्राथमिकता दिइनेछ ।

२, सम्भावित होमस्टे वा पर्यटकीय स्थलका आसपासका क्षेत्रहरुलाई कार्यक्रम संचालनका लागी प्राथमिकता दिइनेछ ।

३, स्थानिय श्रोत साधन तथा रैथाने वस्तु र सेवाहरुको बढी से बढी प्रयोग गर्नेलाई प्राथमिकता दिइनेछ ।

४, सडक बिद्युत र संचार सेवा सुबिधा भएको, स्वच्छ एवम् स्वस्थ्य वातावरण भएको क्षेत्रलाइ प्राथमिकता दिइनेछ ।

५, होमस्टे तथा पर्यटनको क्षेत्रमा राम्रो दखल भएको र यस अघि अनुदान नपाएका संस्थालाइ प्राथमिकता दिइनेछ ।

६, पर्यटकीय दृष्टिले उपयुक्त स्थान लाई ग्राह्यता दिइनेछ ।

७, लागत अनुसार बढी प्रतिफल प्राप्त हुने आयोजना, प्राविधिक र आर्थिक दृष्टिले संम्भावनायुक्त क्षेत्र, कार्यक्रमको प्रतिकुल असर न्यून हुनेखालका आयोजनाहरुलाइ प्राथमिकता दिइनेछ ।

८, कृषि क्षेत्रमा जैविक बिविधता भएको क्षेत्रलाइ प्राथमिकता दिइनेछ ।

९, संचालक संस्थाको आफ्नो स्वामित्वमा जग्गा भएमा प्राथमिकता दिईने छ ।

१०, होमस्टे संचालन गरिने वा गरेको स्थान पर्यटनका दृष्टिले रमणीय, साधारण भन्दा बिशेष संस्कृति, पर्यटक हरुकालागी नविनतम खानपान (प्राङ्गारिक कृषि, स्थानिय जातका वाली), फरक रहन सहन र आकर्षक भूगोल भएमा प्राथमिकता दिइने ।

सागर ढकाल
प्रमुख (रा.प.द्वि.प्रा)